(वीर सहिदहरूको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित)

सहिद

SAHID WEEKLY साप्ताहिक

वर्डफ्लु लगायतका रोगबाट बच्त तथा बचाउन निम्नानुसारका जैविक सुरक्षाका उपायहरू अपनाऔं:

- आफूले पालेका पशुपंक्षीहरूलाई खुला रूपमा नछोडी थुनेर मात्र पालौं ।
- घर पालुवा पशुपंक्षीलाई जङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं ।
- मरेका पशुपंक्षी लगायतका संक्रमित वस्तुहरू नदी, कुलो तथा खोलामा नफालौं ।
- पशुपंक्षीहरूलाई दाना, पानी दिने भाँडा नियमित रूपमा सफा गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

वर्ष ९, अंक ४४, (पूर्णाङ्क ३६८) पृष्ठ -६ ने.सं. ११३३ सिल्लाथ्व, श्रीपञ्चमी, वि. सं. २०६९ फागुन ४ गते शुक्रबार FEB. 2013 मूल्य रू. ५।-

कीर्तिपुर दोस्रो लघुमेला फागुन १२ गते

कीर्तिपुर । लायन्स कलव कीर्तिपुरद्वारा दोस्रो लघुमेला हुने भएको छ ।

फागुन १२ गते (फेब्रुअरी २२) शनिबार दिनको १० वजेदेखि ६ बजेसम्म हुने सो मेला यस वर्ष कीर्तिपुरको चिठ्ठु, इटाछेँ, बाघभैरवस्थान, सतको, लायकू र उमामहेश्वर मन्दिर क्षेत्रभित्र हुनेछ ।

कीर्तिपुर क्षेत्र पर्यटकीय आकर्षण बृद्धि गर्ने उद्देश्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय (घरेलु र बाह्य) पर्यटक बीच कीर्तिपुरको प्रचार प्रसार गर्न हुने सो मेला सुरुमा विधिवत उद्घाटन हुनेछ ।

क्रमशः ५ पृष्ठमा

बजेट नहुँदा कृषि कार्यक्रम प्रभावित

ललितपुर । जिल्ला कृषि विकास कार्यालय ललितपुरमा सञ्चालन गरिने कार्यक्रमका लागि बजेट नहुँदा यहाँका सम्पूर्ण कृषि कार्यक्रम प्रभावित भएका छन् ।

गत वर्ष जिल्लामा कार्यक्रम सञ्चालनका लागि रू. ३२ लाख विनियोजन भएको

क्रमशः ५ पृष्ठमा

प्राथमिक उपचार तालिम हुने

कीर्तिपुर । नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला शाखा र कीर्तिपुर उपशाखाको संयुक्त आयोजनामा यहि फागुन ८-११ गते सम्म कीर्तिपुर नपा वडा नं. ९ र ११ सम्म सुरक्षित समुदायको लागि भुकम्प पूर्व तयारी कार्यक्रम अन्तर्गत

क्रमशः ५ पृष्ठमा

होर्डिङ बोर्ड हटाइने

काठमाडौं । काठमाडौं महानगरपालिकाले फागुनदेखि नगर क्षेत्रका अव्यवस्थित होर्डिङ बोर्ड हटाउने भएको छ ।

महानगरपालिकाले घरको छतमाथि र सडक छेउ राखिएका समयमै विज्ञापन कर नतिर्ने विज्ञापनका बोर्डहरू हटाउने भएको हो ।

क्रमशः ५ पृष्ठमा

सीटीईभीटीमा अख्तियारको छापा

भक्तपुर । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) मा छापा मारी निर्णय पुस्तिका र विभिन्न फाइल नियन्त्रणमा लिएको छ ।

गत पुस ४ गते सीटीईभीटीको १२६ औं बैठकले शैक्षिक सत्र २०६९/७० बाट नै विद्यार्थी भर्ना गर्ने गरी पाँचवटा कलेजलाई १३ वटा विषयको सम्बन्धन दिँदा व्यापक आर्थिक प्रलोभनमा परेर सम्बन्धन दिएको आरोप सार्वजनिक भएपछि आयोगले

क्रमशः ४ पृष्ठमा

तुः आवश्यकता !

यस उद्योगको लागि **हाते बुनाई जान्ने ५ जना शिक्षकको तुः आवश्यकता** भएको हुँदा अनुभवी शिक्षकहरुले यथाशीघ्र सम्पर्क (अफिस समयमा मात्र) गर्नु हुन अनुरोध गरिन्छ ।

तलब : आपसी सम्झदारीमा

 # नोटः-इच्छुक महानुभावहरुका लागि Machine र हाते बुनाई तालिम सञ्चालनका साथै धमाधम नयाँ भर्ना लिइरहेको छ ।

कीर्तिपुर होजेरी उद्योग

कीर्तिपुर, फोन नं.: ४३३५०९६

देश अन्तिम प्रशव व्यथामा

स्वतन्त्र र तटस्थ, स्वच्छ छविको प्रम जन्मनु आवश्यक

अहिले मुलुक अन्तिम प्रशव व्यथामा रहेको छ । संविधान सभाको जन्म भएर २ बर्ष भित्र नयाँ संविधान जन्माउने कसरत समय नपुगेपछि पटक पटक गरी ४ बर्ष समयसीमा थप्दा पनि अन्ततः नयाँ संविधान जन्माउने संविधान सभाको नै हत्या गरियो, अवसान भयो ।

संविधान सभाको अवसान भएको ८ महिना वितिसक्यो । काम चलाउ सरकारको पनि ८ महिना पुगेको छ । लामो समयसम्म काम चलाउ सरकार रहनु, संविधानिक निकाय शुन्यतामा रहनु देशको लागि हितकर छैन । चादो भन्दा चादो देशमा संवैधानिक शुन्यता अन्त गर्न दलहरुवीच सहमति खोज्न धेरै प्रयास पनि व्यर्थ भयो । राष्ट्राध्याक्षबाट नौ पटक सम्म सहमतीय सरकारको आह्वानमा पनि सहमति हुन दलहरु असफल भए । राष्ट्रपतिको प्रयास पनि असफल भयो । एमाओवादीको हेटौडा सम्मेलनबाट बहालवाला प्रधानन्यायाधिसको प्रधानमन्त्रीत्वमा चुनावी सरकार गठन गर्ने प्रस्तावसँगै पुनः सहमतीय माहोल तातेको छ । राष्ट्रपतिले पुनः फागुन १ गते शीतलनिवास वोलाएर सहमति खोजेपनि राजनैतिक दल र कानुनविद कसैले पनि एमाओवादीको प्रस्ताव स्वीकार्न सकेन । यही २०७० जेठ १५ भित्र निर्वाचन गराउने वातावरण बनाउने हो भने फागुन ७ गते सम्ममा चुनावी सरकार गठन हुनुपर्ने भएकोले राष्ट्रपतिले राजनैतिक निकास खोज्न दैनिक वोलावट भैरहेको छ । दलहरुवीच एक आपसमा सहमति दिन नसक्ने भएकाले स्वतन्त्र वा तटस्थ, स्वच्छ छवि भएको प्रधानमन्त्रीको खोजिमा मुलुक रहेको छ । राजनीतिक निकास दिन मुलुक अन्तिम प्रशव व्यथामा रहेको छ । अव देशमा राजनीतिक निकासको उत्तम उपाय भनेको स्वतन्त्र वा तटस्थ, स्वच्छ छवि भएका व्यक्ति प्रमको (जन्म) नियुक्तीले मात्र हुन सक्छ ।

त्यसको निम्ति पनि राजनैतिक सहमति नै हुनुपर्ने भएकोले देशका सवै जिम्मेवार पार्टीले कम्तिमा पनि ६ महिनाको लागि आ-आफ्नो अहम भावना त्याग्नु जरुरी छ ।

प्रधानन्यायाधीशलाई प्रम बनाउन हुन्न

काठमाडौं । बहालवाला तथा पूर्व प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाएर निर्वाचनमा जान सकिने प्रावधान अन्तरिम संविधानमा नरहेको कानुन व्यवसायीहरूले बताएका छन् ।

उनीहरूको तर्क छ "अन्तरिम संविधान-२०६३ को धारा ११६ को (१) मा बहालवाला प्रधानन्यायाधीश न्याय सम्पादन भन्दा अन्य काम गर्न नसक्ने र धारा (२) मा पूर्व प्रधानन्यायाधीश मानव अधिकार आयोगको अध्यक्षलगायत अन्य पदाधिकारी नियुक्ति भन्दा अन्यत्र जान नसक्ने प्रावधान रहेको छ ।"

स्वतन्त्र न्यायपालिकामाथि अंकुश लगाउन र विधिको शासनलाई खलबल्याउन बहालवाला तथा पूर्व प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउने प्रस्ताव आएको हुनसक्ने भन्दै कानुन व्यवसायीहरूले यदि उहाँहरूलाई प्रधानमन्त्री बनाउने हो भने कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका एउटै व्यक्ति भएको संसारमा कुन देशमा उदाहरण छ ? भन्ने प्रश्नसमेत गरेका छन् ।

रिपोर्टर्स क्लबद्वारा शनिबार आयोजित साक्षात्कार कार्यक्रममा कानुन व्यवसायीहरूले निर्वाचनका लागि राजनीतिक दलहरूबाट नेतृत्व हुनुपर्ने सुझाव दिँदै न्यायपालिकालाई राजनीतिक विवादमा नपार्न आग्रहसमेत गरेका छन् ।

सरकारले मूल्यबृद्धि फिर्ता लियो, विद्यार्थीले विरोध जारी राखे

काठमाडौं, फाल्गुन २ । सरकारले मूल्यवृद्धि फिर्ता लिएपनि विद्यार्थी तथा युवा संगठनहरुले भने मूल्यवृद्धि फेरि लागू गर्ने उद्देश्यले स्थगित मात्रै गरेको भन्दै विरोधका कार्यक्रम अघि सारेका छन् । विभिन्न विद्यार्थी संगठनहरुको छलफलपछि प्रदर्शनदेखि उपत्यका बन्द समेतका विरोधका कार्यक्रम सार्वजनिक गरिएको हो ।

यदि सरकारले २४ घन्टाभित्र आधिकारिक निर्णय गरी मूल्यबृद्धि फिर्ता लिएन भने फागुन ६ गते उपत्यका बन्द गर्ने चेतावनी समेत दिएका छन् ।

पाँगा परिकल्पनाको २ वर्ष !- एनम

भिजन पाँगा २०६८ बैशाख १०, ११ र १२ गते सम्पन्न भएको झण्डै २ वर्ष पुग्न लागेको छ । पाँगा भिजन बनाउन तीन दिन कीर्तिपुर हिलसाइड होटल एण्ड रिर्सोटमा सहजकर्ता एवं परिकल्पनाकार सहदेव महतको कुरामा हामी रमायौं ।

विशेष गरी पाँगा क्षेत्रका राजनैतिक दल, विभिन्न संघसंस्थाहरु: नागरिक समाज, बुद्धिजीवी, इन्जिनियर, पर्यटन, सांस्कृतिक गुठी, क्लव, व्यापारी, आदि क्षेत्र र तहतप्काबाट घटीमा ५ जना प्रतिनिधिलाई करिव १५० जनाको गोष्ठी भएको थियो ।

पाँगा परिकल्पना कार्यशाला गोष्ठी तयारी समितिका अध्यक्ष ई. दुर्कमान महर्जन र पाँगा युथका युवाहरुको सक्रियतामा भएको सो गोष्ठीले भौतिक संरचनाको विकास, शिक्षा, स्वास्थ्य, संस्कृति, कृषि, पानी, सरसफाई, यातायात, सूचना तथा सञ्चार लगायतमा एउटा बृहत (मास्तर प्लान) गुरु योजना बनाउने सोच थियो ।

सहजकर्ता सहदेवले सहज बनाउन ठूलो भूमिका खेल्नुभयो तीन दिन । हजारौं तलव दिई लाखौं खर्च गरिएको भिजन पाँगा त्यसबेला तीन दिन बसाईले जोश दिएकै हो । त्यसैले विकास अहिले नगरे कहिले गर्ने ?, हामीले नगरे कसले गर्ने ?, आज नगरे कहिले गर्ने ? मा सबैको ध्यान खिचेको थियो । हुन पनि हो हाम्रो गाउँको विकास अहिले नगरे कहिले, हामीले नगरे कसले ? आज नगरे कहिले ।

विकास अहिले नै, हामीले नै गर्ने प्रतिबद्धता व्यक्त भएको सो गोष्ठी आज पौने २ वर्ष हुँदै २ वर्ष पुरा हुँदैछ ।गोष्ठीको प्रोफाइल तयार हुँदै गरेको त्यसबेलै सुनिएको थियो तर अहिलेसम्म के भइरह्यो ? किन चुपचाप भयो ? गोष्ठीले दिएको म्याण्डेट कता पुग्यो ?

के ज्ञानको लागि ज्ञान, परिकल्पनाको लागि परिकल्पनामै टुङ्गियो । के यसरी चुप बसेर भिजन पाँगाको भिजन तयार हुन्छ, गुरु योजना तयार हुन्छ ?

कमसेकम त्यसबेला उठेका सवाललाई लिपिबद्ध गरी पुस्तकारको रुपमा बाहिर ल्याइदिएको भए अर्को गोष्ठी भइसक्दथ्यो होला । तीन दिनको

क्रमशः ५ पृष्ठमा

ऐतिहासिक जनअन्दोलन २०४६ चैत २० गते शहादत अमर सहिद

लनबहादुर महर्जन वि सं. २००६ माघ | हिराकाजी महर्जन वि सं. २०१७ माघ | राजमान माली वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन वि.सं. २०३० चैत

सहिद साप्ताहिक

वर्ष ९, अंक ४४, २०६९ फागनु ४ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: **नारायण महर्जन**
विज्ञापन/वितरक: नेल्सन
व्यवस्थापक: प्रताप, वीरुण
कम्प्यूटर टाइप/सेटिङः श्याम महर्जन
सम्पर्क कार्यालयः जहुँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३

E-mail:- kipushahid@hotmail.com
www.kipushahid.blogspot.com
www.ourkirtipur.com.np

मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं

सम्पादकीय .....

ओकुपाई बालुवाटारको ५० दिन

महिला हिँसा र छोरीमैया खोज दवाव समूहले थालेको बालुवाटार घेराउ (अकुपाई बालुवाटार) ५० दिन पुगेको छ ।

पौष १२ गतेबाट थालेको अकुपाई (कब्जा) बालुवाटारले ५० दिन पुग्दा पनि सम्बन्धित निकाय देशका प्रमुख प्रधानमन्त्री बाबुराम भट्टराईले न महिला हिँसा बारे न त छोरी मैंयाको खोज नै भयो ।

गृहमन्त्री एवं उप-प्रम विजयकुमार गच्छदारले हामीले चाहेमा २ घण्टामै सार्वजनिक गर्न सक्छौं भनेर अभिव्यक्ति दिन सक्नेले किन सार्वजनिक गर्न सकेन रहस्यमय भएको छ ।

अकुपाई बालुवाटारको ५० दिन पुगेको अवसरमा अझ दवाबमुलक बनाउन बिहीबार बालुवाटारबाट रत्नपार्क शान्ति बाटिकासम्म दवाब ज्याली गरियो ।

गणतन्त्र नेपालका सरकार र सम्बन्धित निकाय यस्तो निरिह हुन्छ भनेर कसैले सोचेको छैन होला । प्रतिगमन विरुद्ध आन्दोलन र गणतन्त्र प्राप्तिमा के महिला के पुरुष सबै नेपाली जनताले आ-आफनो क्षेत्रबाट ठूलो योगदान र संघर्ष गरेको विदितै छ । सबै नेपालीले देशमा शान्ति होस् महिला लगायत कसैलाई हिँसा शोषण नहोस्, देश सम्बृद्धतिर लग्न सकोस्, देशमा लोडसेडिङ्ग हटोस्, खानेपानीको राम्रो बन्दबस्त होस्, महङ्गी नियन्त्रण होस् भन्ने चाहना राखेको थियो ।

सरकार इमान्दार भएको भए देश र जनताप्रति सेवामुखी ढंगले काम गरेको भए कुनै किसिमको समस्या हुने नै थिएन । समस्या आउना साथ समाधानको बाटो तुरुन्तै मिल्थ्यो ।

तर हामीले के सोच्नु पर्दछ भने पूँजीवादी शासन व्यवस्था पूँजीवादी गणतन्त्रमा नेपाली जनताको हितमा काम गर्दैन । हिँसा, अपहरण, भ्रष्टाचार, गरिवी, अन्याय अत्याचार, शोषणले नै पूँजीवादी शासन टेकेको हुन्छ ।

पूँजीवादी शासन व्यवस्थाका अवगुण विरुद्ध संघर्ष गरी नयाँ आर्दश समाज स्थापनामा लाग्नुपर्दछ । नयाँ आदर्श समाज समाजवादमा मात्र उपलब्ध हुन सक्दछ । समाजवादी देशमा जानी जानी अपराध गर्ने, राज्य र जनताका विरुद्ध काम गर्नेलाई कानुनी अनुसार फाँसीको सजाय समेत दिने गर्दछ । जवसम्म देश र जनतालाई जघन्य अपराध गर्नेलाई हदैसम्मको सजाय दिइदैन तबसम्म कुनै पनि किसिमको अपराध नियन्त्रण हुनै सक्दैन । छोरीमैंयाको अपहरण एक वर्ष हुन लाग्दा पनि अझै खोज भएको छैन । तत्काल सरकारले कि सास कि लास दिनुपर्दछ ।

झुटको राजनीति किन ?

– गौरव प्रधान

देशको आवश्यकता नयाँ संविधान हो र राजनीतिक स्थिरता हो । लामो समय सम्मको कामचलाउ सरकार र सङ्कटको राजनीतिले निरन्तरता पाउनु सत्तासीन दलहरुको कमजोरी हो । सरकारको यो कमजोरी असफलताको संकेत हो । कहिले काहीँ राजनीतिक निकासका निम्ति सहमति र सम्झौता हुन्छ तर त्यो सहमति लागु हुँदैन । कति सहमति र सम्झौता सत्तासँग गाँसेको हुन्छ, सत्ता लम्ब्याउन कहिलेकाहीँ जनविरोधी र देशघाती सहमति हुन्छ । सरकारको आयु लम्ब्याउन देश र जनताको लागि दुरगामी असर परेपनि सहमति र सम्झौता गर्ने दलमा एमाओवादी अगाडि छ । यो एमाओवादीको क्रान्तिकारी धार विपरीत छ । यो पूँजीवादी पार्टीको चरित्र हो । सत्तासीन दलका नेताहरू छिनछिनमा विचार फेर्छन् । छिनछिनमा विचार फेर्नु अदूरदर्शिता हो । विचार गरेर या बुझेरभन्दा दलगत स्वार्थमा टेकेर निर्णय गर्दाको परिणामले देशमा अस्थिरता निम्तेको हो । सत्तासीन र ठूला दलका नेताहरूको हरेक वार्ता, छलफल र आन्दोलन जनताको संविधान र देशको हितभन्दा आ-आफ्नो दलगत स्वार्थमा केन्द्रित भइरहेको छ । यो दलहरूको सङ्कीर्ण विचार हो । सङ्कीर्ण विचार बोक्ने दलले देशको मुहार फेर्ला भन्ने विश्वास गर्न गाह्रो छ ।

'कम्युनिष्ट'हरू सत्तामै केन्द्रित

सरकारले राजनीतिक निकास दिन सकेको होइन न त विपक्षी दलले आन्दोलन चर्काउन सकेको छ । सत्तासीन दलका नेताहरू पहिले नेपाली नेताहरूसँग भन्दा विदेशी 'प्रभु'हरू सँग वार्ता गर्दा नै जाती होला भनी गर्व गर्छन् भने कहिले विदेशी शक्तिको इसाराविना नेपालको राजनीति अघि बढ्दैन भनी दुःखेसो पोख्छन् । यसले देशको राजनीतिक निकास ठूला दलका नेताहरूको हातमा छैन भन्ने थाहा हुन्छ । विपक्षीहरूको आन्दोलन सफल नै भए पनि सत्ता परिवर्तनबाहेक अर्को हुने स्थिति छैन । सरकारको नेतृत्व हेरफेर भएर यहाँ अर्को कुनै परिवर्तन हुने होइन । यसले नेका र मधेसी दलको कुरा छोडौं, कम्युनिष्ट भनिने दलहरू पनि सत्ता स्वार्थमा अल्झेको पुष्टि गर्छ ।

झुटको राजनीति किन ?

नयाँ संविधान बनाउन एमाओवादीले अघि सारेको कार्यनीति के हो ? अपुष्ट छ । वर्तमान सरकारलाई नै निरन्तरता दिने पार्टीको निर्णय हो भने कहिले संविधान सभाको पुनःस्थापना, कहिले जेठभित्रै संविधानसभाको निर्वाचन र कहिले स्वतन्त्र या प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार भनी एमाओवादीले किन झूटको राजनीति गरिरहेको ? एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानमन्त्री बनाएर जेठमा संविधानसभा निर्वाचन गराउनुपर्ने प्रस्ताव राख्नु कतै न्यायाधीश रेग्मीलाई खुसी पार्न होइन ? के यो अध्यक्ष दाहालको अर्को चमत्कार हो ? वास्तवमै एमाओवादीले यसरी नै सतही राजनीति गरेर देशको राजनीतिमा वितृष्णा जगाइरहेको छ ।

अध्यक्ष दाहाल जादुगर !

जादुगरहरू छलेर, झुक्याएर दर्शकको मन जित्छन्, आनन्दको अनुभूति दिन्छन् र मनखुस पारेर पैसा झार्छन् । एमाओवादी अध्यक्षको चाला पनि जादुगरको भन्दा फरक छैन । अध्यक्ष दाहालको अभिव्यक्ति कामभन्दा कुरामा विश्वास गर्ने, एकक्षणको मीठो, जाँगरिलो भाषण सुनेर अघाएको ठान्ने व्यक्तिहरूको निम्ति काम लाग्छ । त्यो पनि भाषण नै सबथोक ठान्ने महोदयहरूको निम्ति काम लाग्छ । आखिर उनका अभिव्यक्तिहरू सत्ता लम्ब्याउने खेलबाहेक केही होइन । नेताले सत्ता लम्ब्याउन झूटको खेती गर्ने होइन । अब त अध्यक्ष दाहालमा बहुपत्नी ल्याउने आफ्ना सन्तानलाई उत्तराधिकारी बनाउने गन्ध पनि आइसकेको छ ।

नेतृत्व गर्न मोडेल आवश्यक नपर्ने

दल या सरकारको नेतृत्व योग्य व्यक्तिले गर्न पाउनुपर्छ, योग्य व्यक्ति नै नेता बन्छ, बन्नुपर्छ । दल या सरकारको नेतृत्व गर्न कुनै मोडेल आवश्यक छैन । सक्षम भएमा, देश र जनताले चाहेमा या मागेमा या आवश्यक भएमा जीवन पर्यन्त एकै व्यक्ति नेतृत्व गर्ने नेता बन्नसक्छ, नेताका भाइमात्र होइन उनका सन्तानले पनि नेतृत्व गर्नसक्छ । चीनमा सर्वहारा वर्गका गुरू माओ त्सेतुङ्गले लामो समयसम्म पार्टी र देशको नेतृत्व गर्नु र प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका किम जङ इलका पुत्रले देशको नेतृत्व कसले गर्ने र कसलाई दिनेभन्दा पनि त्यो दल र सरकारले गरेको काम कसको पक्षमा छ, त्यसले कसको सेवा या प्रतिनिधित्व गरेको छ भन्ने कुरा महत्वपूर्ण छ । नेतृत्व हस्तान्तरणमा मोडेलको कुरा गरेर घमण्डी नेता बन्ने दाहालको सोच ठीक होइन । जनतालाई घमण्डी नेताभन्दा जनताको हित गर्ने नेताको खाँचो छ ।

धोती खुस्केको चाल नपाउने नेता

नेमकिपाले हचुवाको भरमा स्वतन्त्र व्यक्तिहरूको निर्वाचन सरकार गठन गर्नुपर्ने माग गरेको होइन । संसदीय परम्पराको इतिहास, सत्तासीन दलहरूको लामो समयको अनुभवले सिकाएको पाठ हो । सत्तासीन दलका नेताहरू सत्ता लुछाचुँडीमा नफसेका भए, नेताहरू मन्त्रीको होडबाजीमा नलागेका भए, सरकारमा जानकै लागि पार्टी छोड्ने, सांसद किनबेच गर्ने काम नगरेका भए र सत्तारूढ दलले निर्वाचन स्वतन्त्र, निष्पक्ष ढङ्गले सफल पारेका भए स्वतन्त्र व्यक्तिहरूको सरकार आवश्यक छैन, स्वतन्त्र व्यक्तिहरूको निर्वाचन सरकारको कल्पना गर्नुपर्ने आवश्यकता छैन । संविधानसभा पुनःस्थापना नहुने देखेपछि, जेठमा निर्वाचन गर्न नसक्ने देखेपछि र वर्तमान सरकारको बद्नाम हुनसम्मको भएपछि स्वतन्त्र व्यक्ति या पूर्वप्रधानन्यायाधीश या बहालवाला प्रधानन्यायाधीशको नेतृत्वमा सरकार बनाएर भए पनि संविधानसभाको निर्वाचनमा जानुपर्छ भन्नु दाहालको असक्षमता हो । अध्यक्ष दाहाल किन पटकपटक आफ्नो धोती खुस्केको चाल पाउँदैनन् ?

निकास खोज

सबभन्दा पहिले कसको नेतृत्वमा निर्वाचन सरकार गठन गर्नेभन्दा नीतिको खाँचो छ । स्वतन्त्र व्यक्तिहरूको निर्वाचन सरकार गठन गर्ने सन्दर्भमा सबैको सहमति भएपछि प्रमको लागि उम्मेदवार चयन गर्दा उपयुक्त हुन्छ । स्वतन्त्र व्यक्तिहरूको निर्वाचन सरकार गठन गर्ने नीति तयार नहुँदै कुनै व्यक्तिको नाउँमा सरकार गठनको कुरा गर्नु 'बच्चा पाउने कहिले कहिले भोटो सिउने पहिले' भनेझैं हुनेछ । स्वतन्त्र व्यक्तिहरूको निर्वाचन सरकार गठन गर्ने हो भने पूर्वन्यायाधीशहरू रामप्रसाद श्रेष्ठ, मीनबहादुर रायमाझी र अनुपराज शर्माले भनेझैं संविधान संशोधन गर्नुपर्ने हो या दलहरूको सहमतिमा गर्न सकिने हो ? टुङ्गो लगाउनु आवश्यक छ ।

अध्यक्ष दाहालजी, एकताको सातौं पार्टी महाधिवेशनले स्वतन्त्र व्यक्तिहरूको निर्वाचन सरकार गठन गर्ने प्रस्ताव पारित गऱ्यो ? प्रधानमन्त्री बाबुराम भट्टराईको राजीनामा दिलाउने निर्णय पनि महाधिवेशनले गऱ्यो । नत्र त्यो प्रस्ताव कानो गोरूलाई औँसी न पूर्णे हुनेछ ।

अधिवेशनले समाजवाद उन्मुख संविधान बनाउने प्रस्ताव पारित गरेको छ कि छैन ? यही अधिवेशनमा कुन नेता र कार्यकर्ताले के कति आर्थिक अनियमितता गरे, पदको दुरूपयोग गरी अवैध सम्पति कुम्ल्याए, त्यसको पनि छानबिन गरी सार्वजनिक गर्नुपर्छ । महाअधिवेशनमा यदि त्यो काम गरिँदैन भने अमिक शेरचनको संयोजनमा गठित अनियमितता छानबिन समिति गठनको कुनै तुक रहनेछैन ।

अधिवेशनले माओवादलाई स्वीकार्ने या माओ विचारलाई मान्यता दिने टुङ्गो लगाएको छ ? समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापनार्थ आवश्यक पूर्वाधार तयार गर्न अघि बढ्ने प्रस्ताव पारित भएको छ ? कम्युनिष्ट सिद्धान्त र विचार जनतामाझ पुऱ्याउँदैन, जनताको सैद्धान्तिक स्तर उठाउँदैन भने आमूल परिवर्तन असम्भव छ । आमूल परिवर्तन गर्ने वातावरण तयार गरिँदैन, गर्न अघि बढ्दैन भने त्यो सच्चा कम्युनिष्ट पार्टी हुनेछैन ।

उज्ज्वलमा पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम सम्पन्न

पाँगा, कीर्तिपुर । उज्ज्वल शिशु निकेतन एकेडेमीले अभिभावक दिवस, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम २०६९ आफ्नै विद्यालयको प्राङ्गणमा सोमबार एक समारोहबीच सम्पन्न भयो ।

प्रमुख अतिथि पाठ्यक्रम विकास केन्द्र सानोथिमी भक्तपुरका डेपुटी डाइरेक्टर डा.बालकृष्ण रञ्जितले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

त्यस अवसरमा वहाँले कीर्तिपुर क्षेत्रमा स्थापित उज्ज्वल शिशु निकेतन एकेडेमीको शैक्षिक विकास देशकै लागि उदाहरणीय बनेको छ भन्नुभयो । शिक्षक, विद्यार्थी, अभिभावकको मिहिनतलाई यस विद्यालयबाट राम्रो प्रस्फुटन गर्न सकेको छ । आगामी दिनमा पनि शैक्षिक क्षेत्रमा राम्रो प्रगति गनै सकोस् भनि कामना गर्नुभयो ।

अतिथि त्रिवि स्वास्थ्य तथा शारीरिक शिक्षाका प्रा.डा. रामकृष्ण महर्जनले उज्ज्वलको भविष्य उज्ज्वल छ । व्यवस्थापक, शिक्षक, विद्यार्थी, अभिभावकको एक आपसमा सहयोग गर्नै उज्ज्वलको राम्रो पक्ष हो भन्नुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवशरण महर्जनको सभापतित्वमा भएको कार्यक्रममा विद्यालयका प्रिन्सिपल दिलमान महर्जनले स्वागत गर्दै विद्यालयको शैक्षिक, भौतिक र एकेडेमिक सफलताको प्रगति विवरण पेश गर्नुभयो ।

कार्यक्रममा जनगायक रामकृष्ण दुवाल, महेन्द्ररत्न क्याम्पसका सह प्रा.डा. शान्तबहादुर श्रेष्ठ, र प्रा.डा. धर्मराज डंगोलको आतिथ्यमा भएको कार्यक्रममा अभिभावकका तर्फबाट लक्ष्मण कार्कीले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि रञ्जितले जेहेन्दार विद्यार्थीहरु प्लेग्रुप-यूकेजीका नियमित हाजिरमा अनिक केसी, सफा सुग्घर र अनुशासनमा सार्थक, कक्षा १-३ का सल्का उजेला, निहारिका र सुदन र कक्षा ४-७ सम्मकामा यासिन खा, रजी र अपेक्षा महर्जनलाई र हाउसवाइज खेलकुद प्रतियोगितामा विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

विशेष अतिथि दुवालले आन्तरिक क्रियाकलाप कविता, ह्याण्ड राईटिङ्ग, निबन्ध, स्पेलिङ्ग, ड्रइङ्ग, हाजिरजवाफ प्रतियोगितामा विजयी खेलाडीहरुलाई पुरस्कार प्रदान गर्नुभयो ।

त्यसैगरी विद्यालयका सल्लाहकार दिनेश केसीले प्लेग्रुपदेखि कक्षा ३ सम्मका Fun Game मा विजयी विद्यार्थीलाई र अर्का सल्लाहकार धनकृष्ण महर्जनले कक्षागत उत्कृष्ट हुन सफल विद्यार्थीहरुलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका विद्यार्थीहरुबाट बीचबीचमा गीत, नृत्य, धुन, साँस्कृतिक प्रस्तुति प्रस्तुत गरिएको थियो ।

श्रीपञ्चमी बचतको प्रारम्भिक साधारण सभा सम्पन्न

श्रीपञ्चमी बचत तथा ऋण सहकारी संस्थाको प्रारम्भिक साधारण सभा तथा श्रीपञ्चमी मानन्धर गुठीको दोस्रो वार्षिक साधारण सभा शनिबार कीर्तिपुरस्थित राराहिल विद्यालयको सभा हलमा सम्पन्न भयो ।

काठमाडौं जिल्ला मानन्धर गुठीका उपसभापति मोहनकृष्ण मानन्धरको प्रमुख आतिथ्यमा पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गरिएको सो सभामा वहाँले मानन्धर गुठीको पहिचान सधैं उज्ज्वल रही रहने बताउनुभयो । त्यसको लागि हामी सबै मानन्धरहरु एक जुट भई रहनुपर्दछ भन्नुभयो । मन्तव्यकै क्रममा वहाँले श्रीपञ्चमी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले छोटो समयमै बचत तथा ऋण प्रवाह कारोबारले यस बचतको राम्रो सक्रियता रहेको प्रष्ट छ भन्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि मानन्धरले मानन्धर गुठीका सदस्य परिवारका प्रवेशिका उतीर्ण हुने ७ जनतालाई प्रशंसा पत्र प्रदान गर्नुभएको थियो भने उत्कृष्ट हुने ३ जना सुजिना मानन्धर (८६.८०%), सरु मानन्धर (८०.८८%) र सुविना महर्जनलाई क्रमशः जनही रु. ४ हजार, ३ हजार र २ हजार नगद पुरस्कार समेत प्रदान गर्नुभएको थियो ।

सबै उतीर्ण विद्यार्थीहरुलाई नारी सेवा बचत तथा ऋण सहकारी संस्थाको तर्फबाट सहना पसकलले मायाको चिनोबाट पुरस्कृत गर्नुभएको थियो ।

साथै प्रमुख अतिथिबाट मानन्धर दीप निर्माणमा सक्रिय हुनु भएका र कीर्तिपुरमा रहेका विभिन्न गुठी महर्जन, श्रेष्ठ, शाही, पोडे, नापित, दर्शनधारीलाई पनि सम्मान पत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा सभापति एवं मानन्धर गुठीका अध्यक्ष सिद्धिकुमार मानन्धरले सबै अतिथिहरुलाई खादा ओढाई स्वागत सत्कार गरिएको थियो ।

त्यसक्रममा वहाँले अब कीर्तिपुरको नेतृत्व स्थानीयवासीले नै लिनुपर्ने बताउँदै ब्राम्हण र खस जातिको थिचोमिचो र नेतृत्व तोड्नुपर्ने बताउनुभयो ।

अब मानन्धर समूहले मानन्धर विकास बैंक खोल्ने पहल ढिला गर्नुहुने आग्रह समेत गर्नुभयो ।

कार्यक्रममा गुठीका कोषाध्यक्ष श्यामकाजी मानन्धर र श्रीपञ्चमी बचत सहकारीका कोषाध्यक्ष राजु मानन्धरले आ-आफ्नो संस्थाको आर्थिक प्रतिवदेन पेश गर्नुभएको थियो ।

दुवै संस्थाका सचिव जुजुकाजी मानन्धरले सबै सहभागीलाई स्वागत मन्तव्यबाट स्वागत गर्नुभएको थियो ।

रक्तसंकलन केन्द्र संचालनका सम्बन्धमा छलफल

कीर्तिपुर । नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर शाखाबाट कीर्तिपुरमा पनि केही महिना अघिबाट रक्त संकलन गर्दै आइरहेको छ। रक्तसंकलन केन्द्रको रुपमा स्थापित सो केन्द्र सम्बन्धमा कसरी प्रभावकारी बनाउने आदिबारे माघ २७ गते कीर्तिपुर पार्टी प्यालेसमा खुल्ला छलफल सम्पन्न भयो ।

छलफलमा रक्त संकलन केन्द्र संचालनमा आइ पर्नसक्ने सम्भावना त्यसका कारण, न्यूनीकरण गर्ने उपाय, तत्काल र दीर्घकालिन रुपमा अपनाउन सक्ने उपाय, कार्यान्वयनमा स्थानीय सरोकारवालाहरुको भूमिका र जिम्मेवारी, थप प्रभावकारी कसर ी गर्ने बारे समूहगत छलफल भएको थियो ।

कार्यक्रममा कीर्तिपुर उपशाखाका कार्यवाहक सचिव कविन्द्र कार्कीले रेडक्रसको स्थानीय गतिविधिबारे र नेरेसो रक्त संचार केन्द्रका वरिष्ठ प्राविधिक अनिल महर्जनले रक्त संकलन केन्द्र र यसका गतिविधहरुका सम्बन्धमा जानकारी दिनुभएको थियो ।

रक्त संकलन केन्द्र उपसिमिति गठन गर्ने सम्बन्धमा संस्थाका सल्लाहकार आकर्षण प्रधानले बोल्नुभएको थियो । सो उपसमिति अर्को छलफलमा गर्ने भएको छ ।

कार्यक्रम कीर्तिपुर उपशाखाका सभापति हर्षमान महर्जनको सभापतित्वमा भएको थियो ।

पत्रकार आचारसंहिता २०६०

(संशोधित तथा परमार्जित- २०६४)

पत्रकार, सञ्चारमाध्यम र सञ्चार संस्थाहरुले देहायका कर्तव्य निर्वाह गर्नेछन् :

१) **प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन :**

विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरुको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनुपर्दछ ।

२) **मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान:**

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरुले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, मानवीयता, शान्ति र अन्तर्राष्ट्रिय समझदारीको संरक्षण र सम्वर्द्धन तथा मित्र राष्ट्रहरुबीचको भाइचारलाई अभिवृद्धि गर्नुपर्दछ ।

३) **सूचनाको हकको रक्षा र प्रचलन:**

आम नागरिकको सुसूचित हुन पाउने हक-अधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहुनपर्दछ ।

४) **सत्य तथ्य सूचनाको सम्प्रेषण:**

पत्रकार-संचारमाध्यमले स्रोत र आधार उल्लेख गरी सत्य-तथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचना सम्प्रेषण गर्नुपर्दछ।

५) **सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व:**

सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्तबमोजिम संचारमाध्यमबाट उत्पादित-प्रकाशित-प्रसारित सामग्रीको उत्पाद तथा सम्प्रेषणको अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित रहनेछ। सञ्चारमाध्यमले आफ्नो माध्यममा सम्पादकीय स्वतन्त्रताको प्रत्याभूति गर्नुपर्दछ ।

६) **गोपनीयताको हकको सम्मान:**

सार्वजनिक हितमा प्रतिकुल असर पोर्न बाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ ।

७) उच्च व्यावसायिक अभ्यास:

पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही उवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नुपर्दछ ।

८) शिष्ट व्यवहार:

व्यवसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ ।

९) **गल्ती सच्याउने तत्परता:**

प्रकाशत तथा प्रसारणका क्रममा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुछि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

१०) **सामाजिक दायित्व:**

अशक्त, असहाय, अपाङ्ग, बालबालिका महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ ।

११) **आपसी सम्बन्ध:**

पत्रकार तथा संचारमाध्यमहरुबीच आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ हुनुपर्दछ ।

लायन्स क्लव कीर्तिपुर दोस्रो मिनि मेला

यहि फागुन १२ गते शनिवार लायन्स कलव अफ काठमाडौं, कीर्तिपुरको आयोजनामा हुन गइरहेको

लायन्स क्लव अफ कीर्तिपुर दोस्रो लघु मेला

अवलोकन गरौं ।

मेलाका आकर्षणहरू

- स्वास्थ्य शिविरहरू, स्वास्थ्य संस्थाहरूको प्रदर्शनी तथा जनचेतना कार्यक्रम
- बृहत्त रक्तदान कार्यक्रम
- लायन्स क्लब सम्बन्धी कार्यक्रमहरू
- प्लाष्टिक झोला मुक्त कीर्तिपुर शहर अभियानको प्रचार, प्रसार
- पर्यटन सम्बन्धी कार्यक्रमहरू
- फोटो प्रदर्शनी
- स्थानीय तथा वाह्य कलाकारहरुको कला प्रदर्शनी ।
- हस्तकलाका सामानहरुको प्रदर्शनी तथा बिक्री वितरण
- सांस्कृतिक कार्यक्रम
- डकुमेन्ट्री प्रदर्शनी सात गाउँले जात्राको तथा अन्य
- मण्डला लेखन
- कीर्तिपुर नेवा सांस्कृतिक संग्रहालयको अवलोकन
- खानाको स्टलहरु
- शिक्षा सम्बन्धी प्रदर्शनी
- व्यवसायिक स्टल तथा समाजिक संस्थाहरुको स्टल
- बाघ भैरव मन्दिर भित्र धार्मिक गतिविधि
- नेतृत्व विकास तालिम

मेला हुने स्थान : कीर्तिपुर (चिठुविहार, इटाछें टोल, सतःको टोल, लायकु, उमामहेश्वर मन्दिर परिसर)

मिडिया पार्टनर:

नेपालमण्डल टेलिभिजन

अफिसियल मिडिया :

स्वर्णिम सन्देश साप्ताहिक

सहयोगीहरू:

कीर्तिपुर नगरपालिका

कीर्तिपुर क्षेत्र पर्यटन विकास समाज

लियो क्लव कीर्तिपुर

आयोजक :

लायन्स क्लव अफ काठमाडौं, कीर्तिपुर

सीटीईभीटी.....

मङ्गलबार छापा मारी सम्बन्धित फाइलहरू नियन्त्रणमा लिएको थियो ।

आयोगका उपसचिव लक्ष्मी निरौलाको नेतृत्वमा सुवास पण्डित, विभूती कोइरालासहितको आयोगको टोलीले सम्बन्धन दिएका पाँच कलेज र १३ वटा विषयको सम्पूर्ण फाइल र सीटीईभीटीको पुस ४ गतेको निर्णयसहितको निर्णयपुस्तिका कब्जामा लिएको निरौलाले जानकारी दिनुभयो ।

सीटीईभीटीले शैक्षिक सत्र सुरू भएको तीन महिनापछि गत पुस ४ गते बसेको परिषद्को बैठकले मोरङ्ग विराटनगरको नोबेल मेडिकल कलेजलाई प्रमाणपत्र तहमा स्टाफ नर्स, डेण्टल साइन्स, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी र डिप्लोमा इन फार्मेसीको यसै शैक्षिक सत्रबाट कक्षा सञ्चालन गर्ने गरी सम्बन्धन दिएको छ ।

त्यसैगरी बैठकले चितवन भरतपुरको कलेज अफ मेडिकल साइन्सलाई प्रमाणपत्र तहमा डेण्टल साइन्स, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफीको सम्बन्धन दिएको छ भने काठमाडौंको बसुन्धरास्थित कान्तिपुर डेण्टल एन्ड रिसर्च सेन्टरलाई प्रमाणपत्र तहमा डेण्टल साइन्स र डिप्लोमा इन फार्मेसी सञ्चालन गर्न सम्बन्धन दिएको छ ।

त्यस्तै चितवन भरतपुरको चितवन स्कूल अफ मेडिकल साइन्सलाई प्रमाणपत्रतहमा मेडिकल ल्याब टेक्नोलोजी र रेडियोग्राफी तथा भरतपुरकै भरतपुर हस्पिटललाई नर्सिङ्गको कक्षा सञ्चालन गर्न सम्बन्धन दिएको थियो ।

सीटीईभीटीका नेपाल राष्ट्रिय कर्मचारी संगठन, कर्मचारी संगठन र कर्मचारी संघले अनियमितरूपमा सम्बन्धन दिएको भन्दै गत पुस २४ गते सीटीईभीटीका उपाध्यक्ष, सदस्य सचिवको कार्यकक्ष, प्रशासन महाशाखा र स्तरनिर्धारण महाशाखामा अनिश्चितकालीन तालाबन्दी गरेको थियो ।

आयोगको कर्मचारी संघसंगठनले लगाएको तालामध्ये सदस्य सचिव, प्रशासन महाशाखा र स्तर निर्धारण महाशाखाको ताला फुटाएर फाइलहरू नियन्त्रणमा लिएको हो । अन्य शाखाको तालाबन्दी भने जारी छ ।

टोलीले सदस्य सचिव जयबहादुर टण्डनको कार्यकक्षको ताला फोडेर विभिन्न फाइल तथा कागजपत्र नियन्त्रणमा लिएको छ भने स्तर निर्धारण महाशाखाको ताला फुटाएर सम्बन्धन दिएका सबै फाइल नियन्त्रणमा लिएर सो कार्यकक्षमा आयोगकै टोलीले ताला लगाएर शिलबन्दी गरेको छ ।

टोलीले सदस्य सचिवसँग पुस ४ गतेको निर्णयसहितको निर्णयपुस्तिका माग गर्दा सदस्य सचिव टण्डनले निर्णयपुस्तिका आफ्नो घरमा भएको जवाफ दिएपछि टोलीले निर्णय पुस्तिका नपाए टण्डनलाई नै नियन्त्रणमा लिएर लैजाने जानकारी गराएपछि दुई कर्मचारी खटाएर टण्डनका घरबाट निर्णय पुस्तिका मगाएर डेढ घण्टापछि बुझाएका थिए ।

आयोगका उपसचिव निरौलाले सीटीईभीटीको आवश्यक कागजपत्रहरू नियन्त्रणमा लिएको र यसबारे आवश्यक छानबिन गरिने बताउनुभयो ।

संस्था सम्बन्धन दिँदा परिषद्ले एउटै संस्थाबाट रू.२५ देखि रू.३५ लाखसम्म अनियमित रूपमा रकम लिएको र विभिन्न संस्थालाई कार्यक्रम स्वीकृत गर्दासमेत लाखौं रूपैयाँ अनियमितरूपमा लिएको सीटीईभीटीका कर्मचारीहरूले आरोप लगाउँदै आएका छन् ।

यता सीटीईभीटीका सदस्य सचिव टण्डनले धेरै वर्षदेखि आवेदन परेर पूर्वाधार पुऱ्याएका कलेजहरूलाई सम्बन्धन दिएको दाबी गर्दै आयोगले छानबिनको क्रममा दोषी देखिए कारबाही भोग्न तयार रहेको बताउनुभयो । दिउँसो करिब १ बजे सीटीईभीटी प्रवेश गरेको टोलीले सीटीईभीटीका पदाधिकारी, कर्मचारी संघसंगठनका पदाधिकारीसँग बृहत् छलफल गरेपछि फाइल कब्जामा लिएको थियो ।

कर्मचारी संघका अध्यक्ष राजु खड्काले विगतका सम्झौता कार्यान्वयन नगरेको, चार महिनादेखि पढाइ भइसकेको र विद्यार्थीको रजिष्ट्रेसनको दोब्बर दस्तुरको म्यादसमेत सकिएको अवस्थामा पाँच कलेजलाई सम्बन्धन दिएको कारण तालाबन्दी गरेको र तालाबन्दी जारी रहेको बताउनुभयो ।

हरेक शुक्रबार प्रकाशित हुने सहिद साप्ताहिक नियमित पढौं र पढाऔं ।

"Excellency in Education"

Ujjwal Shishu Niketan Academy (USNA), a leading school in south-belt of Kathmandu offers

i) New admission for limited seats in **Play Group & Nursery**. Hurry Up to grab the opportunity.

ii) Applications for the post of **HOSTEL WARDEN**, and **COMPUTER ASSISTANT**. Sound English base and Computer Knowledge are required.

iii) Applications for the post of **Play Group & Pre-Primary Teachers** for new academic session 2070. Sound English background and Montessori Training are compulsory.

(Necessary counseling and orientation are provided for newly trained but non-experience candidates)

Contact: 4330300 / 4333529

Principal, USNA

निःशुल्क तालिम ! निःशुल्क तालिम !!

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सीप विकास तालिम केन्द्र भैंसेपाटी ललितपुरको आयोजना र कीर्तिपुर नपा. वडा नं. १४ को सहकार्यमा **निःशुल्क विद्युत जडान तालिम** हुने भएकोले इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिम अवधी ६ महिना

सम्पर्क :

स्थान: मेरी कम्यूनिकेशन, पाँगा, ढोकासी वडा नं. ९

फोन नं.: ९८४१४७१०८९/९८४१३०१५३७

तालिम संचालन समय: विहान ७ बजेदेखि १० बजेसम्म

फाराम भर्नुपर्ने अन्तिम मिति: २०६९ यथाशीघ्र

साहित्य

कविता

– राम महर्जन
कीनपा–१६ ,नगाउँ

निरीह जनताहरू नपरोस् मिचाईमा

नयाँ नयाँ भाषा सुनियो धम्कीका
एकले अर्कोलाई जाल बुनियो
अलि अलि मनमा डर पनि लाग्यो होला
ठूला भन्ने नेताहरुमा ।
द्वन्द्वकालीन हत्या हिँसा
द्वष कस्ले कस्ले लिने हो कुन्नी ?
यसरी आपसमा अपील गर्दै जाँदा
को को कस्को फन्दामा पर्ने हो ?
सुन्दा तर्क दुवैको ठीक
नेपाली न्यायालयले छिनोफानो नगरे
अन्तर्राष्ट्रिय अदालत हामी छौं नी भन्दै
फैसला सुनाउन नेपाल पस्लान् की
दुई ठूला ढुङ्गाको बीचमा
तरुलको रुपमा हाम्रो छ नेपाल
गिद्धे नजर कस्को छ कुन्नी
यसै भन्न सकिरहेछैन यहाँ
देशको मुहार फेर्न नेताहरु
आपसी खिचातानीमा अलमल अहिले
शीर्ष नेताहरुको साँढे जुधाईमा
निरीह जनताहरु नपरोस् मिचाईमा

– अर्जुन महर्जन
सहिदपथ, पाँगा

सहमति गरी बचाई देऊ

माता पिता भयौं कति रहरले मनमोहक जवानीमा
आफ्नै मातापिता पनि थिए, रमाएकै त्यस्तो बेलामा
शक्तिवान थियौं आफूहरु जे परेपनि गर्न सक्नेमा
स्वर्गै बनेको थियो यो देश आमा त्यति वेलाको धरतीमा
चराचुरुङ्गी रमाईरहेका थिए, बसन्त ऋतुमा
हावाहुरी बतासले झारेका थिए, झारपात सुकेका
बढ्दै आए पालुवा फुल फुल्यो, फल लाग्न यस धरतीमा
कति राम्रा थिए, रङ्गि विरङ्गि लेक, पहाड र तराईमा
जन्मे धेरै छोरा र छोरीहरु समयको गतिमा
हुर्के बढे आफ्-आफ्नै परिवेश र विचारधारामा
भन्ने गर्न लागे राम्रो हुन्छ पूँजीवाद, समाजवाद र साम्यवादमा
हुन सकेन सहमत लोकतन्त्र र संघिय गणतन्त्रको धारणामा
भयौं अशक्त विधाताले साथ छोडी जाँदा
गर्न लागे शक्तिवानहरुलेपनि आफु आफुमा झगडा
तोडफोड र लुटमार गर्न लागे भएका आफ्नै सम्पत्तिमा
बनाईदिए डर त्रास र अशान्ति सबको घरघरमा
परिवार नमिलिई घर बन्दैन, घरघर नमिलिई गाउँ बन्दैन
चाहिएको के हो राम्ररी नवुझी सबै एकै साथ हुन सक्दैन
छलफल गरी सहमति नै नगरी आमाको दशा हत्दैन
माया नगरे सन्तानले अब यो देश आमा बच्न सक्दैन
आह्वान छ यस स्वाधिन अधिनस्ट देशका स्वावलम्बन जनताको
नपठाईदेउ न आफ्नै आमालाई पराया अधिनमा
छौं तिमी हामी नेता बुद्धिजिवि, मजदुर सबै यस देशका
सहमति गरी बचाईदेउ न अस्तित्व यस देश नेपाल आमाको ॥

रेडियो दिवसः नेपालमा तीन सय ६१ एफएम सञ्चालनमा

काठमाडौं । पिछडिएका र सीमान्तकृत समुदायको हीतमा रेडियोको भूमिकालाई अझ फराकिलो र प्रभावकारी बनाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।

दोस्रो विश्व रेडियो दिवसको अवसरमा सामुदायिक रेडियो प्रसारक संघले बुधबार राजधानीमा गरेको कार्यक्रमका सहभागी वक्ताहरुले जनतालाई सूसुचित पार्नेदेखि जनहीतका काममा समेत रेडियोको महत्वपूर्ण भूमिका हुने बताए ।

उनीहरुले रेडियोहरुले राजनीतिक तथा व्यापारिक स्वार्थबाट टाढा रहेर जनताको पक्षमा सूचना र सचेतनामुलक सामग्री पस्कनुपर्ने सुझाव पनि दिएका थिए ।

नेपालमा चार सय ८१ एफएम स्टेशनहरु दर्ता छन् भने तीन सय ६१ वटा संचालनमा छन् ।

तीमध्ये दुई सय ३१ वटा एफएम स्टेशनहरुले आफूलाई सामुदायिक रेडियो भन्ने गरेका छन् ।

नेपाल भाषा या बाखँ- १

सुख सयलय् च्वना च्वम्ह म्हयाय् मचा

बाबुराम महर्जन, नगाउँ

मां बौं या मतिना यानातम्ह याक म्हया साहु हिराकाजी या स्वां थें तया तम्ह । वयगु त्वनेगु तियगु पुनेगु यो थे पुंका तिका नका सुख सयल् तयातम्ह । थौं कन्हया इलय जुसा बोंका सयका सिंका तम्ह । मां बौं या अतिकं यका तम्ह हिरा शोभा बैंस जाया वगु ई जुया वलिसे जल्ग खलाया मिखा वंका हल । बसन्तया स्वांथें तच्वकं बांला स्व स्वं म्हय्सिया लो वं । गुलाफ स्वांथें मिखा वम्ह पलेस्वाँ मिखा बाँलाम्ह तच्वकं बांला हिसी मय ब्यूम्ह । काचाक स्वय्बलय् आकाशं क्व ब्वाँ बम्ह परिहे खलाः धयाथें च्वं । अलय् गनं मनुतय् मिखा मवनी स्व स्व म्ह व हिरा साहुया म्हयाय् छम्हजा गपाय च्वो बांला । तच्वकं हिसी दुम्ह ना नं हिरा शोभा ख्वानं हिराहे खकाः धका मधाईपिं सुहे मदुका । वयागु खं त्वालय् देशय् बय् बय् जुया च्वनीगु वयागु बैंस २० निंदनी दयावल हिसी भय ब्यू वगागु जन्म २०४८ साल बैसाक महिना जुयाच्वन । आःजुल २०६८ साल निंदला दतिनी दत बैंसाया इलय् गजाम्ह बां मलाम्हला । बां लाई धासा वजा झन साहुया म्हयाय् मचा यो थे नका, पुंका, तीसा, वस धाधागु तिका थौं तम्ह कन्हय् फेसनया जमाना कलेज वंथां प्याखं स्वय्याय् वस तीसा तिना वईगु स्वया वं फेशन या वस तिसा तीयत छु लिस्वाईला ? साहुया म्हयाय् मचा मदु धयागु वयात च्यूता तायाच्वने मागु मदु । न्हु न्हुगु फेसन याना न्हु सडकय् चाह्यू वनीबलय् न्हन्याम्ह सियानं वयाके जक मिखा तइगु अहो गपाय् च्व बांलाम्ह छम्ह फिलीमया हिरोइन थें च्वका धका लिफलिफ तिना स्वया वनीगु ल्याम्ह तय् संजा पिछा याईगु बुढा तय् सं जुसा सुया म्हयाय् मचाजुई गपाय्च्वं बांलाम्ह झि काय् छय् पिन्त पय्न्ह ल्हाय् के जकं छवय् मालला ।

सुया म्हयाय् थे म्हसीकेमाल धाईगु बछम्ह ब्याहा याना विंदसा झीगु इज्जत हे च्वनीका धका लयें भुनु भुनु खंल्हना वनीगु वया न्हय पनंहे तायक खं ल्हाना वनिगु अपाय् च्वकं बांलम्ह वयात मिखा मटई धयाम्ह सुंहे मदई मखु । व वं थाय् बांलागु जक खं । छन्हु व थत प्रशंसा यापिं जक खना वया विचा वल हिरा शोभाया । आमजील सक सिया मिखा वंका जुयगु स्वया । छम्ह्य् सिके थत योम्ह तिया वनेला धयागु विचा वल । बैंश धासा निंदतीनी दत न्हापाया थें मखु । आख बोंना सयका सिंका थ थम्ह थगु तुटिं चुफ्फमका तिनी पय्न्ह वनेगु चलन जुया वल बोने मगाय कँ पय्न्ह वने गुनं बांमला । साहुया म्हयाय् मचा जुया मस मह्य्जुयी का पय्न्ह वनेगु लिपतय् तच्वकं दुःख जुय यो न्हापा लाक विचामयात धासा पहा चाँरा धयाम्ह मिसाथें दुःख सिय माली बांलाम्ह धका थाथाय् नोकर तयातम्ह मनराजा धयाम्ह मिजं तिया मां बौं न मसीक छु छु मदुम्ह मिजंया नाप लिना छें न प्याहाँ वना गजागु दुःख सील सय्का सिकातयागु बोना तयागु छु अर्थ जुल धका विचायाना स्वय् सल धासा आनं सुखः लिपा न सुख सिंखनी साहुया म्हयाय् धाय्का च्वनाम्ह छु छुं मदु पिं गरिव पिनीके बां लाधका वना न्ह्योने यागु जक स्वया मज्यू

.....क्रमशः

कीर्तिपुर दोस्रो.....

मेलामा प्लाष्टिक झोलामुक्त कीर्तिपुर शहर अभियानको प्रचार प्रसार, पर्यटन सम्बन्धी कार्यक्रम, फोटो प्रदर्शनी, कलाकारहरुको कला प्रदर्शनी, (ढुङ्गाको मूर्तिकला, पौभा लेखन, छ्वाली आर्ट), हस्तकला सामग्रीको प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, डकुमेन्ट्री प्रदर्शनी (सातगाउँले जात्रा सम्बन्धी, पाँगाको अनौठो मसान, आकर्षण मण्डला लेखन), कीर्तिपुर नेवाः साँस्कृतिक संग्रहालयको अवलोकन, शिक्षा सम्बन्धी प्रदर्शनी, स्वास्थ्य शिविर, रक्तदान, धार्मिक गतिविधि, नेतृत्व विकास तालिम साथै व्यावसायिक स्टल र खानाका स्टलहरु रहने छन् ।

बजेट नहुँदा.....

थियो । यस वर्ष बजेट एकै पटक नआए पनि पहिलो चौमासिकमा कृषि कार्यक्रमका रू. ११ लाख ७३ हजार खर्च गरिएको थियो ।

यसैगरी दोस्रो चौमासिकका लागि रू. नौ लाख ८१ हजार छुट्याइएपछि जिल्लामा सञ्चालन गरिने कार्यक्रमको लागि बजेट नपुगेको कृषि कार्यालयका योजना अधिकृत हरिप्रसाद पण्डितले जानकारी दिनुभयो ।

यस वर्ष सुन्तला जातका फलफूल विरूवा वितरण, हिउँदे फलफूल विरूवा वितरण, टनेलमा गरिने तरकारी खेतीका लागि प्लाष्टिकमा ५१ प्रतिशत अनुदान, व्यवसायिक बिजवृद्धि कार्यक्रम, च्याउ खेतीका लागि बीउ तथा प्रविधि जानकारी गराउनेलगायतका कार्यक्रम प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।

यी कार्यक्रम प्रभावित भएसँगै कृषकसँगको सम्बन्धमा समेत असर पर्नसक्ने अधिकृत पण्डितले बताउनुभयो ।

जिल्लास्तरीय विभिन्न तालिमलगायतका कार्यक्रम गर्न नसक्दा कृषकमा नैराश्यता समेत उत्पन्न भएको उहाँले बताउनुभयो ।

यी कार्यक्रम अहिले नहुँदा यसले दीर्घकालीन समस्या देखिन सक्ने उहाँको भनाइ छ । फलफूल खेतीसम्बन्धी कार्यक्रमले तीन र चार वर्षपछि मात्र उत्पादन सुरू गर्ने भएकोले यो वर्ष नभएको कार्यक्रम अर्को वर्ष पनि होला कि नहोला भन्दै कृषक कार्यक्रमका लागि नआउन सक्ने भएकोले फलफूल खेतीमा विशेष प्रभाव पर्न सक्ने उहाँले बताउनुभयो ।

खाद्यान्न बालीमा नयाँ बीउ लगाएमा ३१ देखि ४१ प्रतिशतसम्म उत्पादनमा बृद्धि हुने भएपनि यस वर्ष कार्यक्रम प्रभावित हुँदा बाहिरबाट नै खाद्यन्न आयात गर्नुपर्ने सम्भावनालाई पनि उहाँले औंल्याउनुभयो ।

पाँगा.....

गोष्ठी त मात्र सुरुवात हो ।

त्यसबाट उठेका विचार मत, अभिमतलाई पुनःछलफल गरी अर्को प्रोफाइल तयार गरी जनतामा लग्नु पर्दथ्यो ।

भिजन भिजनको लागि मात्र होइन भविष्यको एउटा नमूना नीति हुन्थ्यो 'गुरु योजनाको' ।

हो समाजमा हामीले चाहे अनुरुप तुरुन्तातुरुन्त विकास हुँदैन । त्यसको लागि सबै पक्ष र सरोकारवालासँग तालमेल मिल्नुपर्दछ । एक हातले ताली बज्दैन, स्रोत साधन र इच्छाशक्ति भयो भने सरल हुन्छ ।

अबको २ महिनापछि भिजन पाँगाको २ वर्ष वार्षिक दिन हुनेछ । हिजो के कति कमजोरीले काम भएन भएन । अब दोस्रो वार्षिक दिनभित्र भिजन पाँगाको केही भिजन मात्र भएपनि बाहिर ल्याउन सक्ने भएमा सहभागी प्रतिनिधिको सन्तुष्ट मिल्थ्यो कि, पाँगाबासीले यस्तो भएको रैछ भनने सूचना पाउँथ्यो कि ।

भिजन पाँगा निर्माता कार्यसमितिलाई यो पङ्क्तिकारको अनुरोध हो ।

होडिङ बोर्ड...

सहरको सौन्दर्य र सुरक्षालाई मध्यनजर गर्दै फागुन महिनादेखि अव्यवस्थित होर्डिङ बोर्ड हटाउने तयारी भएको महानगरपालिका आर्थिक व्यवस्थापन विभागका प्रमुख बद्रीबहादुर खड्काले बताउनुभयो ।

उहाँले चैतबाट घरको छतमाथिको बोर्ड हटाउने निर्णय भएको भएपनि समयमै कर नतिर्ने बोर्ड फागुनदेखि नै हटाउन सुरू गरिने बताउनुभयो ।

सम्बन्धित व्यवसायीलाई पटक पटक हटाउन निर्देशन दिइएपनि नहटाएकोले महानगरपालिका आफैंले बोर्ड हटाउन लागेको हो । महानगरपालिकाका अनुसार घरको छत माथिका अधिकांश होर्डिङ बोर्ड जोखिमपूर्ण अवस्थामा रहेकाले हटाउने अभियान थाल्न लागिएको हो । महानगरपालिका क्षेत्रभित्र ६५० को हाराहारीमा व्यावसायिक होर्डिङ बोर्ड रहेको महानगरपालिकाले जनाएको छ ।

प्राथमिक.....

आधारभूत प्राथमिक उपचार तालिम हुने भएको छ ।

यस तालिमबाट भूकम्प आउँदा र भूकम्प पछि आईपर्ने मानवीय समस्या समाधानमा टेवा पुग्ने आयोजकले जनाएको छ ।

कीर्तिपुरका विभिन्न क्षेत्रमा तालिम संचालन गर्ने क्रममा माघ २७ देखि फागुन ३ गते सम्म कीर्तिपुर नपा वडा नं. १६ नगाउँ र कीनपा वडा नं. ८ गोदामचौरमा सम्पन्न गरिसकेको छ ।.

१२३ जनाको स्वास्थ्य परीक्षण

झीगु पासा पुचः बचत तथा ऋण सहकारी संस्था, जीवन्त स्वास्थ्य सेवा सदन प्रालि र बुद्ध निर्माण समिति कीर्तिपुर को संयुक्त आयोजनामा २ दिने निःशुल्क स्वास्थ्य परीक्षण माघ २७ गते सम्पन्न भयो ।

पहिलो दिन घरेलु भवनमा १२३ जनाको सुगर परीक्षण खाना खानु अघि र खाना खाइसकेपछि रगत लिएर गरेका थियो ।

दोस्रो दिन विश्व राष्ट्रिय माबि ढल्पामा सुगर रोग र वाथ रोग सम्बन्धी अभिमुखिकरण दिएको थियो । परीक्षणबाट १२३ जना मध्ये ५८ जना सुगरको मात्रा वृद्धि भएको र ३४ जनामा वाथ रोग रहेको जनाएको छ । त्यस परीक्षणमा जीवन्त स्वास्थ्य सेवाका वाथर ोग विशेषज्ञ डा. विनित वैद्य, वीर अस्पतालका डा. विकास जेशी लगायतका डाक्टरहरुबाट सेवा प्रदान गर्नु भएको थियो ।

रोग लागेका विरामीहरुलाई जीवन्त सामुदायिक स्वास्थ्य सदनबाट निःशुल्क औषधी वितरण गरिएको थियो ।

वर्कर्स कप भलिबलको उपाधी नेपाल पुलिसलाई

भक्तपुर । नेपाल पुलिस क्लवले एपीएफलाई पराजित गदै वर्कर्स कप भलिबलको उपाधीमाथि आफ्नो कब्जा जमाएको छ ।

खेलमा नेपाल पुलिस क्लवले पहिलो सेट सहजै आफ्नो पक्षमा पारे पनि दोस्रो सेट सहजै पराजित भएको थियो । दोस्रो सेट पराजित भएपछि निकै आक्रामक भएको नेपाल पुलिस क्लवले तेस्रो सेट आफ्नो पक्षमा पारे भने चौथो सेटमा फेरि पराजय भोग्नु परेको थियो । खेलको अन्तिम तथा निर्णायक सेटको सुरूवातमै नेपाल पुलिसले अग्रता लिएको थियो । खेलको अग्रता लिएपछि निकै आक्रामक देखिएका एपीएफका खेलाडीलाई खेल मैदानका हजारौं दर्शकको साथ पाएपछि खेलको दस अङ्कमा बराबरी गरेका थिए ।

खेलको अन्तिम अवस्थामा अङ्क बराबर भएपछि अन्तिम समय नेपाल पुलिस क्लवका स्पाइकर ईम राना मगरको बललाई एपीएफका ब्लकर कैलास भट्ट, सुनिल श्रेष्ठले रोक्न नसकेपछि एपीएफले पराजय भोग्नु परेको थियो । फाइनल खेलमा नेपाल पुलिस क्लवले एपी एफलाई २५-१५, १५-२५, २१-२५ र २५-१४, १८-१६ मा पराजित गरेको थियो ।

त्यसैगरी तेस्रो स्थानका लागि भएको खेलमा त्रिभुवन आर्मी क्लवले जावलाखेल भलिबल प्रशिक्षण केन्द्रलाई सोभ्रो सेटमा पराजित गर्दै तेस्रो स्थान ओगट्न सफल भएको थियो । खेलमा त्रिभुवन आर्मी क्लवले जावलाखेल भलिबल प्रशिक्षण केन्द्रलाई २५-२१, २५-९ र २५-२१ मा पराजित गरेको थियो । यस खेलमा त्रिभुवन आर्मी क्लवका राजकुमार थापा 'म्यान अफ द म्याच' घोषित भएका थिए ।

प्रतियोगिताको उत्कृष्ट तथा लोकप्रिय नेपाल पुलिस क्लवका खेलाडी सञ्जय अर्याल भए भने उत्कृष्ट स्पाइकर नेपाल पुलिसकै कुलबहादुर थापा, उत्कृट ब्लकर एपीएफका दीपेन्द्र भट्ट, उत्कृष्ट सर्भर एपीएफकै कैलाशदत्त भट्ट, उत्कृष्ट सटर नेपाल पुलिसकै ईम रानामगर, उत्कृष्ट डिफेण्डर नेपाल पुलिसकै वीरेन्द्र चौधरी र उत्कृष्ट कोच नेपाल पुलिसकै सुदेश रिमाल भएका थिए । उत्कृष्ट खेलाडी, कोच, स्पाइकर, ब्लकर, सटर, सर्भर, डिफेण्डर, खेलाडी छनौट खेल अवधिभर प्रतियोगिताका सहसंयोजक एवं नेपाल भलिबल संघका पूर्वमहासचिव विनोदचरण रायको संयोजकत्वमा नेपालका अन्तर्राष्ट्रिय रेफ्री गौतम लासिवासहित अन्य दुईजना सदस्य रहेका थिए ।

प्रतियोगिता विजेता नेपाल पुलिस क्लवलाई नगद रू. ५० हजार र सोही मूल्य बराबरको ट्रफी, उपविजेता एपी एफलाई नगद रू. ३० हजार र सोही मूल्य बराबरको ट्रफी तथा तेस्रो स्थान प्राप्त गर्ने त्रिभुवन आर्मीलाई नगद रू. २० हजारसहित सोही मूल्य बराबरको ट्रफी र सान्त्वना स्थान प्राप्त गर्ने जावलाखेल भलिबल प्रशिक्षण केन्द्रलाई नगद रू. १० हजारसहित विजेता, उपविजेता, तेस्रो र चौथो स्थान प्राप्त गर्नेलाई मेडल, प्रमाणपत्र नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले प्रदान गर्नुभएको थियो ।

पेट्सान कप एपीएफको हातमा

पेट्सान कप प्राइमरी स्कुल फुटबल टुर्नामेन्ट प्रतियोगिता २०६९ को उपाधि एपीएफ ले प्राप्त गरेका छन् ।

आर्मड पुलिस फोर्स (एपीएफ) विद्यालय चम्पादेवी बाघभैरवको खेल मैदानमा २९ गते भएको फुटबल फाइनलमा आयोजक एपीएफले पाँगा माविलाई पराजित गरी प्रथम उपाधी हात पारेको हो ।

विजयी विद्यालयका टीमलाई पेट्सानका केन्द्रीय अध्यक्ष रमेशमान महर्जनले ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुभयो ।

माघ २७ गतेबाट सुरु भएको सो प्रतियोगितामा ७ टीमबीच नक आउटको आधारमा खेल भएको थियो ।

पहिलो दिन क्रियटिभले मंगललाई ७-० ले र एपीएफले जनसेवालाई ३-१ ले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको थियो । दोस्रो दिन पाँगाले मोर्डनलाई पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको हो ।

सेमिफाइनलमा एपीएफले क्रियटिभलाई र पाँगाले राराहिललाई पराजित गरी अन्तिम यात्रा तय गरेको थियो ।

cafe' de Kirtipur
अब नयाँ व्यवस्थापनमा
For Continental, Chinese & Indian Food



नोटः-मासु पसल, फोटोकपी पसल, पानीपुरी पसल राख्न चाहनुहुने महानुभावहरूले कृपया सम्पर्क राख्नु होला ।
कीर्तिपुर मार्केट कम्प्लेक्स
नयाँबजार, भाजँगाल रोड, फोन नं.: ४३३४१०९

कीर्तिपुर कप वास्केटबल प्रतियोगिता २०६९ शनिवार सुरू हुने

नयाँबजार क्लव कीर्तिपुरको आयोजनामा प्रथम कीर्तिपुर कप बास्केटबल प्रतियोगिता २०६९ भोलिबाट सुरु हुने भएको छ ।

नयाँबजार क्लवद्वारा जारी गरिएको प्रेस विज्ञप्ति अनुसार डबल लीग कम नकआउटको आधारमा हुने प्रतियोगितामा ६ वटा टीमको सहभागिता रहने छन् ।

सहभागी टिममा नयाँबजार क्लव, त्रिभुवन आर्मी कलव, नासा (NASA), गूरुकुल, ह्वाइट हाउस कलेज र गोल्डेन गेट कलेज रहेका छन् ।

लिग चरणमा सबै भन्दा बढी अंक जोड्न सफल चार वटा टिम सेमिफाइनलमा पुग्नेछन् । सेमिफाइनल खेलमा लिगको अंक तालिकामा प्रथम र चौंथो हुने बीच र दोस्रो र तृतीय हुने बीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिता पूर्व राष्ट्रिय खेलाडी रविन्द्र महर्जनको संयोजकत्वमा संचालन हुनेछ भने टेक्निकलमा फिफा रेफ्री राजकुमार महर्जनको संयोजकत्वमा र बास्केटबल संघका वरिष्ठ उपाध्यक्ष तथा काठमाडौं जिल्ला बास्केटबल संघका अध्यक्ष नरेन्द्र थापाको टेक्निकल कमिशनमा रहने संयोजक महर्जनको हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

प्रतियोगिता भोलि ५ गते शनिबार र ७ गते प्रजातन्त्र दिवसको विदाका दिनमा हुने छ भने अरु खेलहरु प्रत्येक हप्ताको शुक्रबार र शनिबार मात्र संचालन हुनेछन् ।

सेमिफाइनल चैत्र २७ गते फाइनल खेल ३१ गते हुनेछ ।

टाईसिट

First Round

Match	Date	Day	Time	Team
1	5th.11.2069	Sat	9 AM	Golden Gate Vs NASA
2	5th.11.2069	Sat	11 AM	White House Vs Gurukul
3	5th.11.2069	Sat	1 PM	Kirtipur Vs TAC
4	7th.11.2069	Mon	9 AM	Kirtipur Vs NASA
5	7th.11.2069	Mon	11 AM	TAC Vs Gurukul
6	7th.11.2069	MOn	1 PM	Golden Gate Vs White house
7	11th.11.2069	Fri	3 PM	Kirtipur Vs Gurukul
8	12th.11.2069	Sat	9 AM	NASA Vs White House
9	12th.11.2069	Sat	11 AM	TAC Vs Golden Gate
10	18th.11.2069	Fri	3 PM	Kirtipur Vs White House
11	19th.11.2069	Sat	9 AM	Gurukul Vs Golden Gate
12	19th.11.2069	Sat	11 AM	NASA Vs TAC
13	26th.11.2069	Sat	9 AM	Kirtipur Vs Golden Gate
14	26th.11.2069	Sat	11 AM	White House Vs TAC
15	26th.11.2069	Sat	1 PM	Gurukul Vs NASA

Second Round

Match	Date	Day	Time	Team
16	29th.11.2069	Tue	9 AM	Kirtipur Vs Golden Gate
17	29th.11.2069	Tue	11 AM	TAC Vs NASA
18	29th.11.2069	Tue	1 PM	Gurukul Vs White House
19	2nd.12.2069	Fri	3 PM	Kirtipur Vs NASA
20	3rd.12.2069	Sat	9 AM	Golden Gate Vs White house
21	3rd.12.2069	Sat	11 AM	TAC Vs Gurukul
22	9th.12.2069	Fri	3 PM	Kirtipur Vs White House
23	10th.12.2069	Sat	9 AM	NASA Vs Gurukul
24	10th.12.2069	Sat	11 AM	Golden Gate Vs TAC
25	16th.12.2069	Fri	3 PM	Kirtipur Vs Gurukul
26	17th.12.2069	Sat	9 AM	White House Vs TAC
27	17th.12.2069	Sat	11 AM	NASA Vs Golden Gate
28	23rd.12.2069	Fri	3 PM	NASA Vs White House
29	24th.12.2069	Sat	9 AM	Kirtipur Vs TAC
30	24th.12.2069	Sat	11 AM	Gurukul Vs Golden Gate

SEMI FINAL AND FINAL

Match	Date	Day	Time	Team
31	27th.12.2069	Tue	1 PM	Position 1st Vs Position 4th
32	27th.12.2069	Tue	3 PM	Position 2nd Vs Position 3rd
33	31st.12.2069	Sat	2 PM	**Final**